# मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ,ओखलढुङ्गा
कोशी प्रदेश,नेपाल

पत्र संख्याः ०८१/८२
चलानी नम्बरः २६५

मितिः२०८१/०५/२४
ने.सं. ११४४, जलाथ्व, ६, सोमबार

श्री यो जो जससँग सम्बन्धित छ ।

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा मानेभन्ज्याङ गाउँपालिका वडा नं.-८ मा अवस्थित श्री शिवदुती आ.वि. राघवपुरमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी स्वीकृत दरबन्दीमा पदपुर्ति गर्न सरुवा प्रकृया अगाडी बढाइदिन हुन भनि वि.व्य.स. २०८१/०५/२३ को निर्णय तथा विद्यालयको मिति २०८१/०५/२४ च.नं. ४१ को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका -२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सुनिल तामाङ
नि. प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः
१. तोकिएको म्याद भित्र विद्यालयमा इमेल trulynoob12@gmail.com ठेगाना मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघि वा तोकिएको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन ।
३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तहको भए हाल कार्यरत विद्यालयको सहमति, एउटै जिल्लाको फरक स्थानीय तह अन्तर्गतको विद्यालय भए आफु कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति समेत समावेश गर्नुपर्नेछ ।

बोधार्थः
१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, ओखलढुङ्गा ।
२. श्री शिवदुती आवि राघवपुर ।
३. श्री सूचना तथा प्रविधि शाखाः सूचना सम्प्रेषण गरिदिनुहुन ।